# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२) काठमाडौं असोज ११ गते, २०६९ साल (अतिरिक्ताङ्क १७अ


## भाग ३

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

__सुदुर पश्चिम विकास आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०६९__

__प्रस्तावना:__ सुदुर पश्चिम क्षेत्रको सर्वाङ्गीण एवं दिगो विकासका लागि विकास नीति तथा योजना तर्जुमा गरी शीघ्र कार्यान्वियनमा प्रमुख भूमिका खेल्न सक्षम एक अधिकारसम्पन्न सुदुर पश्चिम विकास आयोगको गठन तथा कार्य सञ्चालन विधिलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले नेपाल सरकारले देहायबमोजिमको आदेश जारी गरेकोछ

१. __सङ्क्षिप्त नाम र प्रारम्भ:__ (१) यस आदेशको नाम "सुदुर पश्चिम विकास आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०६९" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. __परिभाषा:__ (२) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) "आयोग" भन्नाले दफा ३ बमोजिम गठित सुदुर पश्चिम विकास आयोग सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ।

(ग) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले आयोगको अध्यक्ष एवं सदस्य–सचिवलाई समेत जनाउनेछ।

(घ) "परिषद्" भन्नाले दफा ९ बमोजिमको सुदुर पश्चिम विकास परिषद् सम्झनु पर्छ।

(ङ) "सचिवालय" भन्नाले आयोगको सचिवालय सम्झनु पर्छ।

(च) "सुदुर पश्चिम क्षेत्र" भन्नाले सुदुर पश्चिमका डोटी, अछाम, बाजुरा, बझाङ्ग, डडेलधुरा, बैतडी र दार्चुला जिल्ला सम्झनु पर्छ।